## बैठक नं. १

आज मिति २०७४।०३।३१ गते शनिबार

खाँदबारी नगरकार्यपालिकाका प्रमुख श्री मुरारी प्रसाद खतिवडा ज्युको अध्यक्षतामा प्रथम नगरकार्यपालिकाको बैठक बसी निम्नानुसार प्रस्तावहरु माथी छलफल गरि सर्वसम्मत निर्णय गरियो।

- उपस्थिति -

१. श्री मुरारी प्रसाद खतिवडा, प्रमुख, नगरकार्यपालिका [signature]
२. श्री ईश्वरी श्रेष्ठ, उप प्रमुख " — " — " [signature]
३ श्री निरञ्जन श्रेष्ठ, अध्यक्ष, वडा नं. १ - सदस्य [signature]
४. श्री ज्ञान बहादुर श्रेष्ठ अध्यक्ष, वडा नं. २ " [signature]
५. श्री तोयानाथ दुलाल अध्यक्ष वडा नं. ३ " [signature]
६. श्री सर्जीत राई, अध्यक्ष वडा नं. ४ " [signature]
७. श्री बम बहादुर घले " — " ५ " [signature]
८ श्री दयानिधि बराल " — " ६ " [signature]
९. श्री मौसम आले मगर " — " ७ " [signature]
१०. श्री डम्बर बहादुर कटुवाल " — " ८ " [signature]
११. श्री टिकाराम कुमाल " — " ९ " [signature]
१२. श्री नगेन्द्र गुरुङ " — " ११ " [signature]
१३ श्री केशव कुमार (राजेन्द्र सिं) थापा " — " १० " [signature]
१४. श्री पदमलाल सार्की सदस्य [signature]
१५ श्री सुनिता कटुवाल कार्की "
१६. श्री गोपी घिमिरे पराजुली " [signature]
१७. श्री इन्द्रमाया बरायली " [signature]
१८. श्री चन्द्रकला तामाङ " [signature]
१९. श्री बाल कुमारी कार्की खोडारी " [signature]
२०. श्री लक्ष्मी राई सुनुवार " [signature]
२१. श्री कुङगाङ लामा " [signature]
२२. श्री सुवास श्रेष्ठ, कार्यपालिका सचिव. [signature]

निर्णय नं. १

खाँदबारी नगरपालिकामा सम्पन्न भएको स्थानिय तह निर्वाचन २०७४ मा सक्रिय रुपमा सहभागि भई निर्वाचित गराइन है

निर्णय नं. २

नेपाल सरकार संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय मार्फत स्थानिय तहलाई आवश्यक पर्ने भनि प्राप्त भएका देहायका कानुन तथा कार्यविधिहरुलाई आगामी नगर सभाबाट अनुमोदन हुने गरि पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

क. खाँदबारी नगरकार्यपालिकाको बैठक संचालन कार्यविधि २०७४
ख. खाँदबारी नगरकार्यपालिकाको (कार्य विभाजन) नियमावली २०७४.
ग. खाँदबारी नगरकार्यपालिकाको (कार्यसम्पादन) नियमावली २०७४.
घ. खाँदबारी नगरपालिका नगर सभा संचालन कार्यविधि २०७४.
ङ. खाँदबारी नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणीकरण कार्यविधि नियमावली २०७४

निर्णय नं. ३

खाँदबारी नगरपालिकालाई सबै दृष्टिकोणले समृद्ध बनाउनका लागि आगामी आ.व. २०७४/०७५ भित्रमा यस नगरपालिकाको एकिकृत शहरी विकास गुरु योजना निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

साविक सितालपाटी गाउँ विकास समिति यस नगरपालिकामा समाहित भै हाल खाँदबारी नगरपालिकाको वडा नं. १० र ११ रहेको र २०७४ श्रावण १ गतेदेखि एकीकृत सम्पत्ती कर लागु गर्नु पर्ने गरि सम्पुर्ण प्रक्रियाहरु अगाडि बढि सकेकोले उक्त एकीकृत सम्पत्ति करमा आ.व.२०७४/०७५ (पहिलो वर्ष) का लागि मात्र एकीकृत सम्पत्ति करको कुल रकममा २५ (पच्चिस) प्रतिशत रकम छुट दिने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ५.

नगरप्रमुख यस नगरपालिकामा पद बहाली भएको पहिलो निर्णय बाट आगामी आ.व. ०७४/०७५ भित्रमा यस नगरपालिकामा स्वास्थ्य विमा कार्यक्रम लागु गर्ने निर्णय भए अनुसार सो कार्यक्रम यथाशिघ्र लागु गर्नका लागि नेपाल सरकार स्वास्थ्य मन्त्रालय संग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

जिल्ला अपाङ्ग संघको सहकार्यमा आगामी आ.व. देखि अपांगता भएका [illegible]

निर्णय नं. ७

संघीय मामीला तथा स्थानिय विकास मन्त्रालयको मिति २०७४।०४।२८ गतेको पत्रबाट प्राप्त भएको जानकारी अनुसार यस नगरपालिकामा निर्वाचित सम्पुर्ण जनप्रतिनिधिहरुले निर्वाचित भएको मितिले ६० दिन भित्रमा सम्पति विवरण भरी स्थानिय तह-मा दर्ता गरि सुरक्षित राख्ने व्यवस्था भए अनुसार उक्त अवधि भित्र-मा नगर सभाका सम्पुर्ण सदस्य ज्युहरुले आ-आफ्नो सम्पती विवरण पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ८

स्थानिय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन-२०७४ को दफा २.१ मा व्यवस्था भए अनुसार उप प्रमुख ज्युको संयो-जकत्वमा गठन हुने राजश्व परामर्श समिति देहायको प्रतिनिधिहरु रहने गरि निर्माण गर्ने सर्व सम्मत निर्णय गरियो ।

- तपसिल -

१. संयोजक श्री. डोरेश्वरी श्रेष्ठ.
२. सदस्य श्री दुर्गशक्ति श्रेष्ठ पराजुली.
३. सदस्य श्री ज्ञान बहादुर श्रेष्ठ.

निर्णय नं. ९

स्थानिय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन-२०७४ को दफा २.२ मा व्यवस्था भए अनुसार नगर प्रमुख ज्युको -संयोजकत्वमा गठन हुने श्रोत अनुमान समितिमा देहायका सदस्य -रहने गरि श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

१. संयोजक. नगर प्रमुख
२. सदस्य. उप प्रमुख.
३. सदस्य. नगर कार्यपालिकाका कार्यकारी अधिकृत.
४. सदस्य. श्री लक्ष्मी राई सुनुवार
५. सदस्य श्री कुङ्गाङ लामा
६. सदस्य श्री पदम लाल सार्की
७. सदस्य सचिव. योजना शाखा प्रमुख, खाँदबारी नगरपालिका

निर्णय नं. १०

लागि पेश भएको प्रस्तावमा निर्णय गर्नु पूर्व आवश्यकता अनुसार राय, सल्लाह र सुझाव लिनका लागि देहाय बमोजिमका समितिहरुमा देहायका सदस्यहरुलाई मनोनयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

- तपसिल -

१. सार्वजनिक सेवा तथा क्षमता विकास समिति का संयोजक श्री. टिकाराम कुमाल.
२. आर्थिक विकास समिति संयोजक श्री. तोयानाथ ढुंगाना
३. सामाजिक विकास समिति संयोजक श्री. दयानिधि वराल
४. पूर्वाधार विकास समिति संयोजक श्री. मौसम आले मगर
५. वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक श्री निरञ्जन श्रेष्ठ
६. विधेयक समिति संयोजक श्री. केशव कुमार थापा, सदस्यहरुका हकमा नगरप्रमुखले संयोजकहरु सँग परामर्श लिई मनोनयन गर्ने समेत निर्णय गरियो।

निर्णय नं. ११

स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को दफा २.४ मा व्यवस्था भए अनुसार नगर उप प्रमुख ज्युको संयोजकत्वमा गठन हुने बजेट तथा कार्यक्रम तर्जुमा समितिमा देहायका सदस्यहरु रहने गरि बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

- तपसिल -

१. नगर उप प्रमुख श्री उमेश्वरी श्रेष्ठ. संयोजक
२. सार्वजनिक सेवा तथा क्षमता विकास समिति संयोजक श्री टिकाराम कुमाल सदस्य.
३. आर्थिक विकास समिति संयोजक श्री तोयानाथ ढुंगाना सदस्य
४. सामाजिक विकास समिति संयोजक श्री दयानिधि वराल सदस्य
५. पूर्वाधार विकास समिति संयोजक श्री. मौसम आले मगर सदस्य
६. वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक श्री निरञ्जन श्रेष्ठ. सदस्य
७. ~~नगरकार्यपालिकाका कार्यकारी अधिकृत~~ विधेयक समिति संयोजक - श्री केशव कुमार थापा सदस्य
८. नगर कार्यपालिकाका कार्यकारी अधिकृत श्री सदस्य

पनि केन्द्र निर्धारण हुन नसकेको साथै केहि वडाहरु बाहेक अन्य वडाहरुमा कुनै संरचनाहरु समेत नभएका कारण वडा कार्यालय स्थापना एवं सञ्चालन हुन नसकेको र सो वडा केन्द्रमा आवश्यक पर्ने जनशक्ति व्यवस्था पनि समेत हुन नसकेको कारण वडा कार्यालय मार्फत सेवा प्रवाह हुन नसकेको हुँदा वडा कार्यालयलाई आवश्यक पर्ने कम्तीमा ५ रोपनी जग्गा निशुल्क रुपमा प्राप्त गर्नका लागि सम्बन्धित वडा कार्यालय मार्फत वडावासीहरुमा अनुरोध गर्ने वडा कार्यालयको स्थायी संरचना निर्माण नहुन्जेलसम्मका लागि पायक पर्ने स्थानमा घरभाडा लिई उक्त स्थान बाटै वडा कार्यालय सञ्चालनको व्यवस्था मिलाउने र आवश्यक कर्मचारी व्यवस्थापनका लागि जिल्ला कर्मचारी व्यवस्थापन समितिमा अनुरोध गर्ने साथै पायक पर्ने स्थानमा कुनै पनि विषयगत कार्यालय, सार्वजनिक वा सामुदायिक भवनहरु प्राप्त हुन सक्ने अवस्था भएमा सो स्थानमा वडा कार्यालय राख्न प्राथमिकता दिने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. १३

अरुण उपत्यकामा जन्मेर निरंकुशता विरुद्ध अभियान सञ्चालन गर्ने अगुवा महिला नेत्रको नाममा नेपाल सरकारले योगमाया विश्वविद्यालय स्थापना गर्ने भन्ने निर्णय गरिसकेको हुँदा सो विश्व विद्यालय अरुण उपत्यका क्षेत्रमा स्थापना गर्नको लागि नेपाल सरकार सँग अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. १४

नगरपालिका क्षेत्र भित्र विभिन्न संघ संस्था व्यक्तिले बिना इजाजत विभिन्न किसिमका संरचनाहरु निर्माण गरिरहेको भन्ने आम गुनासो आए अनुसार अब उप्रान्त नगरपालिकाको इजाजत बिना त्यस क्षेत्र भित्र कुनै पनि किसिमको संरचना बनाउन नपाइने साथै निर्माण सम्पन्न भएपछि सडक अधिकार क्षेत्र भित्र पर्ने गरि पेटी बनाउने कार्य देखिएकोले त्यस्तो कार्य नगर्न नगराउन सबैमा अनुरोध गर्ने । सडक संरचना अतिक्रमण गरि बनेका सबै किसिमका संरचना हरु प्राविधिकको सहयोगमा प्रतिवेदन लिई वडा कार्यालय मार्फत खाली गराउने प्रकृया अगाडि बढाउने साथै सडक क्षेत्र भित्र [illegible]

निर्णय नं. १५

आगामी आ.व.२०७४।०७५ श्रावण १ गतेबाट बजेट खर्च गर्नको लागि हाल नगरसभाबाट राजस्व तथा व्ययको अनुमान पारित भै नसकेको कारण आगामी नगरसभाबाट पूरक बजेट पारित गर्ने गरि हाल गत नगरपरिषद्बाट पारित भएका निर्णयहरु मध्ये प्रशासनिक कार्य सञ्चालन गर्नका लागि विनियोजन बजेट शिर्षकबाट उक्त परिषद्ले निर्णय गरे अनुसार प्रशासनिक एवं कार्यालय सञ्चालन गर्नका लागि मात्र खर्च गर्ने गरि कार्यालयलाई अधिकार प्रदान गर्ने र आगामी नगरसभामा राजस्वको अनुमानित विवरण पेश नगरे सम्मको लागि साविक परिषद्बाट निर्णय भए अनुसार नै हुने गरी करलाई तथा बाह्य राजस्व संकलन गर्नका लागि कार्यालयलाई समेत अधिकार प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. १६

न्यायिक समिति गठन सम्बन्धमा छलफल गर्दा नेपालको संविधान २०७२ को धारा २१७ उपधारा (२) अनुसार नगर उप प्रमुख ज्यूको अध्यक्षतामा गठन हुने न्यायिक ३ सदस्यीय समितिमा देहायका सदस्यहरु रहने गरि न्यायिक समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो।

१. संयोजक :- नगर उप प्रमुख श्री डिगेश्वरी श्रेष्ठ
२. सदस्य श्री ठक्कर बहादुर कटुवाल
३. सदस्य श्री सुनीता कटुवाल कार्की

निर्णय नं. १७

यस क्षेत्रका धेरै जिल्ला पनि भूकम्प प्रभावित जिल्ला भएको कारण अब बन्ने घरहरु भूकम्प प्रविधि मैत्री बनाउनु पर्ने भएकोले त्यस प्रविधियुक्त घरहरु निर्माण गर्नुपर्ने भएकोले आगामी आ.व. देखि प्रत्येक वर्ष दक्ष कालिगढ उत्पादन गर्नका लागि कालिगढ तालिम प्रदान गर्ने निर्णय साथै बस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत निर्माण मापदण्ड २०७२ लाई पालना गरि कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो। साथै वडा नं. १० र ११ भित्र बनेका भौतिक संरचनाहरु (नगरपालिका हुनभन्दा अगाडी) १ वर्ष भित्रमा नगरपालिकामा सूचीकृत गर्ने गरि सूचना प्रकाशित गर्ने र तत्पश्चात मात्र पुरना घरहरुको नक्सा पास नियमित गर्ने साथै अब उप्रान्त उक्त क्षेत्रमा कुनै पनि संरचना बनाउनु पर्दा घर नक्सा

निर्णय नं. १८

स्वोदवारी नगरपालिका क्षेत्रभित्र रहेको उत्तर दक्षिण राजमार्ग एवं नगरपालिकाले आफ्नै बजेट प्रयोग गरि निर्माण गरेका वा अन्य निकायबाट हस्तान्तरण भै आएका सडक/बाटोहरुको लामो समय सम्म लगत कट्टा नहुँदा सम्बन्धित जग्गा धनिहरुले राजश्व तिरिरहेको हुँदा सम्बन्धित वडा समिति मार्फत सडक, नापी, मालपोत, विद्युत, प्रशासन, प्रहरी कार्यालयको समेत समन्वयमा लगत कट्टाको प्रक्रया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. १९

सेवा करारमा र ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई आगामी नगरसभाबाट निर्णय नहुन्जेल सम्मका लागि म्याद थप गरि कामकाज लगाउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. २०

नगरपालिकामा जनप्रतिनिधिहरु बहाल भै सकेको अवस्थामा आम नगरवासीहरुको विकास प्रतिको चाहनालाई अझ छिटो तरिकाले सम्बोधन गर्नको लागि विकास निर्माणसंग सम्बन्धित मेसिनरी औजारहरु स्काभेटर (डोजर) टिपर लगायतका मेसिनरी औजार खरिद प्रकृया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो।

आजको बैठक यही अन्त गरियो।

बैठक निर्णय पुस्तिका लेख्ने . गणेश २०७४.१.६.